धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३६० ◆ २०८३ असार ३२ गते बिहीबार, Thursday, July 16, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## श्रम निरीक्षणसम्बन्धी महासन्धि अनुमोदन

काठमाडौं । प्रतिनिधिसभाको बुधबारको बैठकले अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को श्रम निरीक्षणसम्बन्धी महासन्धि, १९४७ (नं.८१) सर्वसम्मतबाट अनुमोदन भएको छ ।

बैठकमा युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले सो महासन्धिको ८१ नं बुँदा अनुमोदनका लागि प्रस्ताव गर्नुभएको थियो ।

त्यसअघि उक्त महासन्धिको उक्त बुँदामाथि भएको छलफलमा क्रान्तिशिखा धिताल, गुरुप्रसाद बराल, रमेशकुमार मल्ल, कृष्णहरि बुढाथोकी, कमल सुवेदी, पारसमणि गेलाल, प्रभा कार्की, प्रमिला कुलुङ, गणेशबहादुर विश्वकर्मा, मनिष खनाल, हरिमोहन भण्डारी र राजन गौतमले भाग लिनुभएको थियो । उहाँहरुले स्वायत्त र सक्षम जनशक्तिको विकास गरेर प्रतिस्पर्धी र पारदर्शिता अपनाउन आग्रह गर्नुभयो । साथै श्रेणीविहीन कर्मचारीको सेवा सुविधा बढाउनुपर्नेमा सरकारले अस्थायी र करार कर्मचारीलाई हटाउन खोजेकामा चिन्ता व्यक्त गर्नुभयो । छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री यादवले सो महासन्धिको नं ८१ को अनुमोदनले श्रम निरीक्षण प्रणाली र श्रमिकको अधिकार संरक्षणलाई सुदृढ बनाउने बताउनुभयो । "अनुमोदनपछि यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ", उहाँले भन्नुभयो ।

## बैतडी प्रशासनको नयाँ व्यवस्थाः एक घण्टामै सेवा

दशरथचन्द । जिल्ला प्रशासन कार्यालयले कार्यालयमा प्रवेश गरेको एक घण्टाभित्रै सेवा प्रदान गर्ने व्यवस्था लागू गर्ने भएको छ । यसका लागि कार्यालयले साउन १ गतेदेखि 'वन आवर सर्भिस' सुरु गर्न लागेको हो ।

प्रमुख जिल्ला अधिकारी डिजन भट्टराईका अनुसार आवश्यक कागजात पूरा भएका सेवाग्राहीलाई नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्रलगायतका सेवा कार्यालयमा प्रवेश गरेको एक घण्टाभित्रै उपलब्ध गराइनेछ। सेवा प्रवाहलाई छिटो, सहज, प्रभावकारी र सेवाग्राहीमैत्री बनाउने उद्देश्यले 'वन आवर सर्भिस' लागू गर्न लागिएको उहाँले बताउनुभयो। सेवाग्राहीलाई एक घण्टाभित्रै सेवा उपलब्ध गराउने सुनिश्चितता गरिएको पनि प्रमुख जिल्ला अधिकारी भट्टराईले जानकारी दिनुभयो ।

जिल्ला प्रशासन कार्यालयका अनुसार साउन १ गते 'वन आवर सर्भिस'को औपचारिक घोषणा गरिनेछ। यसबाट सेवाग्राहीले प्रशासनिक सेवा लिन लामो समय प्रतीक्षा गर्नुपर्ने छैन ।

## श्रम महासन्धिको प्रोटोकल नं २९ अनुमोदित

काठमाडौं । प्रतिनिधिसभाको बुधबारको बैठकबाट 'अन्तरराष्ट्रिय श्रम सङ्गठनको बाध्यकारी श्रम महासन्धि, १९३० सम्बन्धी सन् २०१४ को प्रोटोकल नं २९ सर्वसम्मतिले अनुमोदन भएको छ ।

बैठकमा युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवले सो प्रोटोकल नं २९ का प्रावधानलाई अनुमोदनका लागि प्रस्ताव गर्नुभएको थियो । छलफलमा उठेका विषयमा जवाफ दिँदै मन्त्री यादवले सांसदहरूका सुझावलाई ग्रहण गर्दै आगामी दिनका श्रमसम्बन्धी नीति र कानुनमा आवश्यक संशोधन गर्दै प्रभावकारी कार्यान्वयन गर्ने बताउनुभयो । सो प्रस्तावमाथिको छलफलमा सांसदहरू प्रकाश पाठक, रीना उप्रेती, माधवबहादुर थापा, नरेन्द्रकुमार केरुङ, श्रद्धा कुँवर क्षेत्री, डा अर्जुनकुमार कार्की, अशोककुमार चौधरी, ज्ञानु पौडेल, गङ्गालक्ष्मी अवाल, शाहजान खातुन, गुरु बराल, कृष्णहरि बुढाथोकी, गणेशबहादुर विश्वकर्मा र अमृता विकले भाग लिनुभयो ।

सांसदहरुले एकातिर अन्तराष्ट्रिय श्रम प्रोटोकल पारित गर्ने र अर्कातिर श्रम सङ्गठनहरू खारेज गर्ने सोच एकापसमा मेल नखाने टिप्पणी गर्दै श्रम शक्तिले राष्ट्र निर्माण हुन्छ भन्ने मान्यताका साथ रोजगारदाता र श्रमिकबीच सरकारले समन्वय बढाउनु पर्ने बताउनुभयो ।

## राष्ट्रिय सुरक्षा र कूटनीतिक सम्बन्धमा असर पार्ने चलचित्रलाई प्रदर्शन अनुमति नदिइने

काठमाडौं । सूचना तथा सञ्चार मन्त्रालयले मुलुकको सुरक्षा, शान्ति तथा व्यवस्था र मित्रराष्ट्रसँगको सुसम्बन्धमा असर पर्ने विषयवस्तु समावेश भएका चलचित्रलाई प्रदर्शन अनुमति नदिन चलचित्र विकास बोर्डलाई निर्देशन दिएको छ ।

मन्त्रालयले यही असार २६ गते चलचित्र विकास बोर्डलाई पत्राचार गर्दै चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा ८(३) अनुसार यस्ता विषयवस्तु भएका चलचित्रलाई चलचित्र जाँच समितिबाट प्रदर्शन अनुमति दिन नमिल्ने व्यवस्था रहेको स्मरण गराएको हो । निर्देशनमा नेपालभित्र सार्वजनिक प्रदर्शन हुने सबै चलचित्रले अनिवार्य रूपमा चलचित्र जाँच समितिबाट प्रचलित ऐन तथा नियमावलीबमोजिम जाँचपास गराउनुपर्ने छ ।

मन्त्रालयले चलचित्र निर्माता, वितरक तथा सरोकार भएका अन्यले ऐनको उक्त प्रावधानको पूर्ण पालना गर्नुपर्ने भन्दै जाँचका क्रममा ऐन विपरीतका विषयवस्तु समावेश भएका चलचित्र प्राप्त भएमा प्रदर्शन अनुमति दिन नसकिने जनाएको छ ।

साथै, उक्त व्यवस्था सबै निर्माता, वितरक तथा सम्बन्धित पक्षलाई जानकारी गराई आवश्यक समन्वय गर्न चलचित्र विकास बोर्डलाई अनुरोध गरिएको छ ।

## दुई साताभित्र अन्यवस्थित तार व्यवस्थापन गर्न निर्देशन

*प्रत्यूष समाचारदाता*

काठमाडौं । काठमाडौं उपत्यकामा वर्षौंदेखि सडकका खम्बामा गुजुल्टिएका र सडकपेटीमा लत्रिएका तथा प्रयोगविहीन इन्टरनेट, टेलिफोन र टेलिभिजनका तार व्यवस्थापन गर्न सरकारले समयसीमासहितको कार्य-योजना बनाएर अघि बढ्न सम्बन्धित निकायलाई निर्देशन दिएको छ ।

सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिना र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको उपस्थितिमा बुधबार ऊर्जा मन्त्रालयमा बसेको उच्चस्तरीय अन्तरनिकाय बैठकले नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल विद्युत् प्राधिकरण, नेपाल टेलिकम, एनसेल तथा इन्टरनेट सेवा प्रदायकहरूको छाता संस्था आईस्पानलाई एकीकृत कार्ययोजना बनाएर साउन दोस्रो साताभित्र पहिलो चरणमा उपत्यकाका छ स्थानका प्रयोगविहीन तार हटाउन निर्देशन दिएको हो ।

बैठकले तार व्यवस्थापनलाई प्रभावकारी बनाउन नेपाल दूरसञ्चार प्राधिकरणले नेतृत्व निर्वाह गर्ने, सबै सेवा प्रदायकले आफ्ना तारमा स्पष्ट पहिचान खुल्ने 'ट्याग' अनिवार्य रूपमा राख्ने, सम्बन्धित निकायबीच नियमित समन्वय कायम गर्ने तथा कामको प्रगतिको नियमित समीक्षा गर्दै नागरिकले परिणाम महसुस गर्नेगरी काम गर्ने निर्णय पनि गरेको छ । अव्यवस्थित तारका कारण नागरिकको सुरक्षामा जोखिम उत्पन्न हुनका साथै सहरी सौन्दर्यसमेत प्रभावित भएकाले पहिलो चरणमा अब त्रिपुरेश्वर-कालिमाटी-कलङ्की, जडीबुटी-पेप्सीकोला, त्रिपुरेश्वर-लाजिम्पाट, सामाखुशी-टाउन प्लानिङ-गोंगबु, कीर्तिपुर क्षेत्र तथा पुरानो बानेश्वर-गौशाला-चाबहिल गरी छ स्थानमा तार व्यवस्थापन हुनेछ ।

नेपाल दूरसञ्चार प्राधिकरणले गत जेठ २८ गते १५ दिनभित्र तार व्यवस्थापन गर्न सार्वजनिक सूचना जारी गरेको भए पनि अपेक्षित प्रगति हुन नसकेपछि बुधबारको बैठकमा त्यसको समीक्षा गरिएको थियो ।

बैठकमा सूचना तथा सञ्चारमन्त्री डा. तिमिल्सिनाले अव्यवस्थित तारको समस्या सबै निकायको साझा कमजोरीका कारण सिर्जना भएको बताउँदै अब समाधानमा केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "यो हामी आफैंले सिर्जना गरेको समस्या हो । कतै न कतै सबै निकायका कमजोरी छन् । पन्ध्र दिनभित्र तार व्यवस्थापन गर्ने सूचना जारी भएको थियो तर अपेक्षाअनुसार काम हुन सकेन । अब तत्काल के गर्न सकिन्छ, त्यहीबाट सुरु गरौं ।"

मन्त्री तिमिल्सिनाले प्रयोगविहीन केबल तत्काल हटाउन निर्देशन दिँदै त्यसका लागि आवश्यक सहयोग कुन निकायबाट चाहिन्छ वा कहाँ समस्या छ भन्ने जानकारी मन्त्रालयलाई दिन आग्रह गर्नुभयो । "तार झुण्ड्याएपछि त्यसलाई हटाउने जिम्मेवारी पनि सम्बन्धित सेवा प्रदायककै हो। नागरिकले तत्काल परिणाम चाहेका छन् । समस्या समाधानमा ढिलाइ गर्ने छुट कसैलाई छैन," उहाँले भन्नुभयो । उहाँले नेपाल दूरसञ्चार प्राधिकरणलाई प्रभावकारी नियमन गर्दै सबै निकायबीच समन्वय कायम गर्न तथा कुन क्षेत्रमा कहिले काम गर्ने भन्ने स्पष्ट समयसीमासहितको एकीकृत कार्ययोजना तयार गर्न निर्देशन दिनुभयो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले अव्यवस्थित तार व्यवस्थापनका लागि सबै निकायबीच प्रभावकारी समन्वय अपरिहार्य रहेको बताउनुभयो ।

## विकास सहकार्यलाई राष्ट्रिय प्राथमिकतासँग जोड्नुपर्नेमा अर्थमन्त्रीको जोड

*प्रत्यूष समाचारदाता*

काठमाडौं । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बदलिँदो राष्ट्रिय प्राथमिकता र आवश्यकता अनुसार सरकारले संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) सँगको विकास सहकार्यलाई अघि बढाउन चाहेको बताउनुभएको छ ।

नेपाल र युएनडिपीबीच सहकार्य सुरु भएको ६०औं वार्षिकोत्सवका अवसरमा बुधबार आयोजित कार्यक्रममा उहाँले गरिबी निवारण, असमानता घटाउन, दिगो विकास, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा युएनडिपीले पुऱ्याएको योगदान अविस्मरणीय रहेको बताउनुभयो ।

"गरिबी निवारण, असमानता न्यूनीकरण, दिगो विकास, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको योगदान अविस्मरणीय छ," अर्थमन्त्री वाग्लेले भन्नुभयो, "आज ६० वर्ष पुगेको यो सहकार्य शताब्दीसम्म निरन्तर रहोस् भन्ने कामना गर्दछु ।" संयुक्त राष्ट्रसङ्घको छातामुनि हुने विकास सहकार्य केवल लगानीको रकममा मात्र सीमित नर ही अन्तरदेशीय सहकार्य र समन्वयको सशक्त माध्यमका रूपमा रहेको उहाँले बताउनुभयो । नेपालमा पर्यावरण संरक्षण, लोकतन्त्रको सुदृढीकरण, युवा सशक्तीकरण तथा डिजिटल रूपान्तरणका क्षेत्रमा युएनडीपीले पुऱ्याएको योगदानको सराहना गर्नुभयो। त्यस अवसरमा अर्थमन्त्री वाग्लेले युएनडीपीले नेपालमा गरेका कार्यहरूको तस्बिर र विवरण समेटिएको फोटो पुस्तक '६० वर्षको सहयात्रा' पनि सार्वजनिक गर्नुभयो ।

## आर्थिक सुधारका लागि कानुन संशोधन र खारेजीको प्रक्रिया अघि बढाइयो

काठमाडौं । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सिफारिस अनुसार अर्थसम्बन्धी केही नेपाल कानुन संशोधन तथा खारेज गर्न लागिएको स्पष्ट पार्नुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा 'अर्थसम्बन्धी केही नेपाल कानुनलाई संशोधन र खारेज गर्ने विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले आफू अर्थमन्त्री नियुक्त भएकै दिन आर्थिक सुधारमा बाधक बनेका कानुन खारेज गर्ने घोषणा गरेको स्मरण गराउनुभयो ।

"सो घोषणालाई मूर्तरूप दिन विधेयक अघि बढाइएको हो," उहाँले भन्नुभयो, "संसद्बाट नयाँ कानुन बनाउनुपर्ने हुन्छ भने आवश्यकता अनुसार केही कानुन खारेज पनि गर्नुपर्ने हुन्छ । यही प्रक्रियाअन्तर्गत विधेयक ल्याइएको हो। सरकार आर्थिक सुधारप्रति प्रतिबद्ध छ र घोषणा गरिएका विषयलाई कानुनी रूपमा कार्यान्वयन गर्दै लगिएको छ ।" उक्त प्रस्तावमाथिको छलफलमा सांसदहरू मञ्जु भुसाल, कृष्णहरि बुढाथोकी, नितिमा भण्डारी (कार्की), अशोककुमार चौधरी, माधवबहादुर थापा, सुशील खड्का, रेनुका काउँचा, विदुषी राणा, नरेन्द्रकुमार केरुङ, मदनकृष्ण श्रेष्ठ, बुद्धिप्रसाद पन्त, साजिदा खातुन सिद्धिकी, हरिप्रसाद भुसाल, गुरुप्रसाद बराल र पुष्पराज कँडेलले भाग लिनुभएको थियो।

त्यसअघि अर्थमन्त्री वाग्लेले 'अर्थसम्बन्धी केही नेपाल कानुनलाई संशोधन र खारेज गर्ने विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। उक्त प्रस्ताव प्रतिनिधिसभाले सर्वसम्मत रूपमा स्वीकृत गरेको थियो।

बैठकमा सभामुख डोलप्रसाद अर्यालले उक्त विधेयकमाथि संशोधन दर्ता गर्न इच्छुक सांसदहरूले प्रतिनिधिसभाको विधेयक शाखामा सम्पर्क गर्न सक्ने जानकारी गराउनुभयो ।

## भूमिहीन र सुकुमवासीको दिगो व्यवस्थापनबारे छलफल गर्न विपक्षी दलको प्रस्ताव

काठमाडौं । प्रतिनिधिसभाका विपक्षी दलहरूले वास्तविक भूमिहीन, भूमिहीन दलित, सुकुमवासी तथा अव्यवस्थित बसोबासीको दिगो व्यवस्थापनका विषयमा छलफल गराउन सङ्घीय संसद् सचिवालयमा जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गर एका छन् ।

प्रतिनिधिसभा नियमावली, २०८३ को नियम ७१ बमोजिम विपक्षी दलहरूको तर्फबाट बुधबार उक्त प्रस्ताव दर्ता गरिएको हो । संविधान, कानुन र मानवअधिकारका मान्यताअनुरूप भूमिहीन तथा सुकुमवासी नागरिकको संरक्षण र दिगो पुनःस्थापनाका विषयमा सदनमा छलफल गर्न आवश्यक रहेको सूचनामा उल्लेख गरिएको संसद् सचिवालयले जनाएको छ । प्रमुख विपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङदेम्बे प्रस्तावक रहनुभएको उक्त प्रस्तावको नेकपा (एमाले)का ऐनबहादुर महर, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का युवराज दुलाल र श्रम संस्कृति पार्टीका आरेन राई समर्थक हुनुहुन्छ ।

सम्पादकीय ....

## सुशासनको खाँचो

स्थानीय तहका जनप्रतिनिधि तथा पदाधिकारीबाट अधिकार दुरुपयोग, कानुनविपरीत निर्णय, सार्वजनिक सम्पत्तिको अनियमित प्रयोग, अनुचित कर निर्धारण, कर्मचारी व्यवस्थापनमा मनपरी, उपभोक्ता समितिमार्फत अनियमितता भएका छन् । स्थानीय कानुनमार्फत नागरिकका मौलिक अधिकारमा असर पर्ने निर्णय तथा प्राकृतिक न्यायको सिद्धान्तविपरीतका कार्य तथा सङ्घीय र प्रदेश कानुन बाझिने कानुन निर्माण भएको गुनासो बढ्दै छ तर सबै स्थानीय तहलाई एउटै दृष्टिले हेर्न मिल्दैन । धेरै स्थानीय तहले राम्रो काम पनि गरेका छन् । केही स्थानीय तहका गलत अभ्यासले समग्र स्थानीय शासनप्रतिको जनविश्वास कमजोर बनाएको छ ।

सङ्घीय शासनको मूल उद्देश्य अधिकारको विकेन्द्रीकरण हो तर विकेन्द्रीकरणको अर्थ अनियन्त्रित अधिकार होइन । लोकतन्त्रमा अधिकारसँगै उत्तरदायित्व र जवाफदेहिता अनिवार्य हुन्छ । जहाँ अधिकार छ, त्यहाँ कानुनी नियन्त्रणको प्रभावकारी संयन्त्र पनि हुनु पर्छ । यही सन्तुलन कमजोर हुँदा नागरिकले अन्याय अनुभूति गर्न थालेका छन् । अहिले धेरै नागरिक स्थानीय तहको निर्णयबाट पीडित भए पनि तत्काल राहत पाउने प्रभावकारी कानुनी संयन्त्रको अभाव महसुस गरिरहेका छन् । अन्ततः उनीहरू उच्च अदालत वा सर्वोच्च अदालतसम्म पुग्न बाध्य हुन्छन्, जुन समय, खर्च र पहुँचका दृष्टिले अधिकांश नागरिकका लागि सहज विकल्प होइन ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को पुनरवलोकन आवश्यक भएको बहस अहिले व्यापक रूपमा उठ्नुको यही कारण हो । नेपाल सरकारले समेत ऐन संशोधनका लागि सार्वजनिक रूपमा सुझाव माग्नु आफैँमा विद्यमान कानुनी संरचनामा सुधार आवश्यक रहेको स्वीकारोक्ति हो । कुनै पनि कानुन समयसँगै सुधार हुँदै जानु स्वाभाविक प्रक्रिया हो । व्यवहारमा देखिएका कमजोरीलाई सम्बोधन गर्दै कानुनलाई अझ प्रभावकारी, न्यायपूर्ण र नागरिकमैत्री बनाउनु नै सुशासनको आधार हो ।

विशेष गरी स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ पुनर्विचार गर्नुपर्ने देखिन्छ । यस दफाको उपदफा (३) मा स्थानीय तहले बनाएको कानुन स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था गरिएको छ । उपदफा (५) मा स्थानीय राजपत्रमा प्रकाशित नभएसम्म त्यस्तो कानुन लागु हुँदैन । यो व्यवस्था आवश्यक भए पनि पर्याप्त देखिँदैन । व्यवहारमा कतिपय स्थानीय तहले संविधान, सङ्घीय कानुन वा प्रदेश कानुनसँग बाझिने प्रकृतिका स्थानीय कानुन बनाउने गरेका छन् । त्यस्ता कानुन राजपत्रमा प्रकाशित भएपछि लागु भई नागरिकमाथि प्रत्यक्ष प्रभाव पार्ने अवस्था सिर्जना हुन्छ । त्यसपछि मात्र अदालतमा चुनौती दिनुपर्ने बाध्यता रहन्छ ।

दफा १०२ को उपदफा (५) मा 'सङ्घीय तथा प्रदेश कानुनसँग बाझिएको भएमा वा' भन्ने शब्द थप गरिएमा बाझिएका स्थानीय कानुन लागु नहुने हुन्छ । यस्ता विवादास्पद स्थानीय कानुन स्थानीय राजपत्रमा प्रकाशित भए पनि सङ्घीय वा प्रदेश कानुनसँग बाझिँदा लागु नहुने भएपछि धेरै विवाद सुरुमै रोक्न सकिन्छ ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईंहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईंहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## ओझेलमा परेका पर्यटकीय क्षेत्रको प्रवर्द्धन हुँदै

तनहुँ प्राकृतिक सौन्दर्य, ऐतिहासिक सम्पदा, धार्मिक आस्था, सांस्कृतिक विविधता तथा ग्रामीण जीवनशैलीले भरिपूर्ण छ । पृथ्वीराजमार्गले जोडिएको, पोखरा र काठमाडौंको बीचमा रहेको यस जिल्लामा विश्वप्रसिद्ध वेदव्यासको तपोभूमि, बन्दीपुर, देवघाटधाम र शुक्लागण्डकीजस्ता पर्यटकीय गन्तव्यले राष्ट्रिय तथा अन्तरराष्ट्रिय पर्यटकलाई आकर्षित गरिरहेका छन् । तर, यिनै चर्चित गन्तव्यको छायाँमा तनहुँका दर्जनौं पर्यटकीय क्षेत्र भने अझै ओझेलमा छन् ।

पछिल्ला केही वर्षयता स्थानीय तह, गण्डकी प्रदेश सरकार, पर्यटन व्यवसायी तथा स्थानीय समुदायको सक्रियताले यस्ता ओझेलमा परेका पर्यटकीय क्षेत्रको प्रवर्द्धन हुन थालेको छ । सडक पहुँच विस्तार, पदमार्ग निर्माण, धार्मिक स्थल संरक्षण, घरबास (होमस्टे) सञ्चालन, डिजिटल प्रचारप्रसार तथा स्थानीय संस्कृति संरक्षणका कार्यक्रममार्फत ती क्षेत्रलाई पर्यटनको मुख्य नक्सामा जोड्ने प्रयासले प्रवर्द्धन गर्न सहज भएको छ ।

जिल्लाका प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्वका क्षेत्र प्रशस्त छन् । तर, पर्याप्त प्रचारप्रसार, पूर्वाधार र योजनाको अभावमा अधिकांश क्षेत्रले अपेक्षित पर्यटक आकर्षित गर्न सकेका छैनन् । व्यास नगरपालिका-४ स्थित तनहुँ कालिका सहिद जङ्गल पार्क, व्यास-५ स्थित मानहुँकोट, व्यास नगरपालिका-८ स्थित सहिद गाउँ पुलिमराङ, सहिद पार्क, रिस्ती फाँट, प्राचीन ठूलो ढुङ्गा, नमुना घरबास टुटेपानी, नेपालकै पहिलो सौर्य ऊर्जा परियोजना, देवीथान, तनहुँसुर, मिर्लुङकोट, ऋषिङ, घण्टाचुलीलगायत पर्यटकीय क्षेत्र रहेका छन् ।

त्यस्तै, परासर गुफा, व्यास गुफा, अनन्त गुफा, चमेरे गुफा (गुप्तेश्वर गुफा), सिद्ध गुफा, शीतल गुफा, तनहुँसुर इको ट्रेक, आदिकवि भानुभक्त आचार्यको जन्मस्थल, घाँसीकुवा, दुवुडकोट, भुजीकोटलगायत ओझेलमा परेका क्षेत्रको अहिले प्रवर्द्धन हुन थालेका छन् । नेपालीमा भ्रमणको प्रचलन बढेसँगै ओझेलमा परेका क्षेत्रको प्रवर्द्धन हुन थालेको व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । "ओझेलमा परेका क्षेत्रको आधुनिकीकरण र प्रविधिको उपयोगले प्रवर्द्धनमा सहयोग पुगेको देखिन्छ", उहाँले भन्नुभयो, "यसका साथै नगरपालिकाभित्रको पर्यटकीय, सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको पहिचानलाई प्राथमिकतामा राखिएका छौं ।" यी अमूर्त सम्पदालाई आयसँग जोड्ने प्रयासमा जुटेको उहाँको भनाइ छ ।

आँबुखैरेनी गाउँपालिका-५ स्थित समुद्री सतहबाट दुई हजार १३४ मिटर उचाइमा अवस्थित छिम्केश्वरी मन्दिर धार्मिक तथा प्राकृतिक गन्तव्य हो । यहाँबाट धौलागिरि, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालसँगै तनहुँ, गोरखा, कास्की र चितवनको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । हिन्दू धर्मावलम्बीका लागि धार्मिक आस्थाको केन्द्र भए पनि व्यवस्थित पदमार्ग, पर्याप्त विश्रामस्थल र प्रचारको कमीले यसको पर्यटन सम्भावना पूर्ण रूपमा उपयोग हुन सकेको छैन ।

धार्मिक पर्यटनका नयाँ केन्द्र

देवघाटधाम तनहुँको सबैभन्दा चर्चित धार्मिक गन्तव्य हो । देवघाटबाहेक पनि जिल्लाका विभिन्न पालिकामा धार्मिक महत्वका मन्दिर तथा तीर्थस्थल छन् । आँबुखैरेनी गाउँपालिकाको ऐतिहासिक आँधीमूल, बन्दीपुर गाउँपालिकाको थानीमाई मन्दिर रहेका छन् । यी क्षेत्रको संरक्षण तथा प्रवर्द्धनका लागि स्थानीय सरकारले वार्षिक बजेट विनियोजन गर्दै आएको छ ।

छाब्दी बाराही मन्दिर, ढोरबाराही मन्दिर, छाङ्गा बाराही मन्दिर, अकला मन्दिरलगायत धार्मिक गन्तव्यको पर्याप्तमात्रामा प्रवर्द्धन हुन सकेको छैन ।

धार्मिक पर्यटनसँगै योग, ध्यान तथा आध्यात्मिक पर्यटनको विकास गर्ने अवधारणाले पनि गति लिँदै गएको छ । दुईदिने बिदाले पनि यस्ता लुकेका क्षेत्रमा आन्तरिक पर्यटक पुग्ने र डिजिटल माध्यमबाट प्रवर्द्धन गर्ने गरेको स्थानीय त्रिलोचन लम्सालले बताउनुभयो ।

ग्रामीण पर्यटन र होमस्टेको विस्तार

पर्यटनको नयाँ अवधारणाअनुसार ग्रामीण जीवनशैली, स्थानीय संस्कृति तथा मौलिक खानपानप्रति पर्यटकको आकर्षण बढ्दो छ । तनहुँका विभिन्न गाउँमा सञ्चालन भएका घरबास (होमस्टे)ले ग्रामीण पर्यटनलाई नयाँ उचाइतर्फ उकासेको छ ।

व्यास, देवघाट, बन्दीपुर, भानु, म्याग्दे, ऋषिङ, शुक्लागण्डकी, भिमाद तथा घिरिङ क्षेत्रका घरबासमा स्थानीय संस्कृति, परम्परागत खाना, लोकनृत्य तथा कृषि अनुभव गराउने व्यवस्था गरिएको पाइन्छ । पछिल्ला वर्षमा ग्रामीण पर्यटनप्रति आन्तरिक पर्यटकको आकर्षण उल्लेखनीय रूपमा बढेको पाइएको पर्यटन विद हरिसिं गुरुङले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "होमस्टेले स्थानीय रोजगारी, महिला उद्यमशीलता तथा स्थानीय उत्पादनको बजारीकरणमा सकारात्मक योगदान पुऱ्याएको देखिन्छ ।" यसले ग्रामीण क्षेत्रका महिलालाई आर्थिक रुपमा सबल बनाउन मद्दत पुगेको उहाँको बुझाइ छ ।

दरै, मगर र गुरुङ संस्कृतिले बढाएको आकर्षण

तनहुँ विभिन्न जातजातिको साझा बसोबास रहेको जिल्ला मानिन्छ । विशेषगरी दरै, मगर, गुरुङ, नेवार, ब्राह्मण, क्षेत्रीलगायत समुदायका मौलिक संस्कृति पर्यटकका लागि आकर्षण माध्यम बनेको छ । दरै समुदायको चुड्का नाच, गुरुङ समुदायको रोधी संस्कृति, मगर समुदायका मौलिक कौराहा, परम्परा, स्थानीय मेलापर्व तथा सांस्कृतिक कार्यक्रम पर्यटनसँग जोड्ने प्रयास भइरहेको पर्यटनविद् गुरुङले बताउनुभयो । "पर्यटन केवल प्राकृतिक दृश्यमा सीमित हुँदैन । स्थानीय जीवनशैली, भाषा, वेषभूषा, कला र संस्कृतिलाई पनि पर्यटनसँग जोड्नसके ग्रामीण अर्थतन्त्रमा ठूलो परिवर्तन ल्याउन सकिन्छ", उहाँले भन्नुभयो, "यसले गर्दा संस्कृति संरक्षणमा समेत टेवा पुगेको छ ।"

गण्डकी प्रदेश सरकार, स्थानीय तह तथा सङ्घीय सरकारको सहकार्यमा पर्यटकीय पूर्वाधार निर्माणले गति लिन थालेको छ । हाल विभिन्न क्षेत्रमा सडक स्तरोन्नति, पदमार्ग, विश्रामस्थल, खानेपानी, शौचालय, सूचना केन्द्र, पार्किङ, भ्यू टावर तथा डिजिटल सूचना बोर्ड निर्माण भइरहेका छन् । पर्यटन मन्त्रालय र नेपाल पर्यटन बोर्डले पनि स्थानीय तहसँग सहकार्य गर्दै पर्यटन पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

डिजिटल प्रवर्द्धनको प्रभाव

सामाजिक सञ्जाल, युट्युब, टिकटक तथा अन्य डिजिटल माध्यमले तनहुँका ओझेलमा रहेका अधिकांश स्थानलाई चर्चामा ल्याउन महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

मानहुँकोट, छिम्केश्वरी, विभिन्न झरना तथा ग्रामीण गन्तव्यका भिडियो लाखौं पटक हेरिएका भेटिन्छन् । यसले आन्तरिक पर्यटकको आगमनमा

✍ मिला दरै

उल्लेखनीय वृद्धि भएको स्थानीय बताउँछन् । डिजिटल प्रचारले कम लागतमा गन्तव्य चिनाउन सहयोग पुगे पनि त्यसअनुसार पूर्वाधार विस्तार नगरे पर्यटकको अनुभव कमजोर हुनसक्ने भादगाउँ दरै समाजका कोषाध्यक्ष वीरबहादुर दरैले बताउनुभयो ।

"अहिलेको समय प्रविधिको युग भएकाले प्रवर्द्धनमा सहज छ", उहाँले भन्नुभयो ।

स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव

ओझेलमा रहेका पर्यटकीय क्षेत्र प्रवर्द्धनसँगै स्थानीय होटल, रेस्टुरेन्ट, होमस्टे, कृषि उत्पादन, हस्तकला तथा यातायात व्यवसायमा सकारात्मक प्रभाव देखिन थालेको छ । किसानले उत्पादन गरेका तरकारी, मह, कोदो, मकै, गहुँ, स्थानीय परिकार तथा हस्तकलाका सामग्रीको बिक्री बढ्दै गएको व्यावसायीकरण हुँदै गएको पाइन्छ । महिला तथा युवाले होमस्टे, गाइड सेवा, कृषि पर्यटन तथा साना उद्यममार्फत आयआर्जनको अवसर सिर्जना भएको छ । पर्यटन विकाससँगै वातावरण संरक्षणलाई पनि प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको स्थानीयको भनाइ छ ।

वन क्षेत्र, जैविक विविधता, पानीका मुहान तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्दै पर्यटन विकास देखिएको पर्यटनविद् गुरुङले बताउनुभयो । उहाँका अनुसार अनियन्त्रित निर्माण, प्लास्टिकजन्य फोहर तथा प्राकृतिक सम्पदाको दोहनले दीर्घकालमा पर्यटनलाई नै असर गर्नसक्ने भएकाले दिगो पर्यटनको अवधारणालाई व्यवहारमा लागू गर्नुपर्ने आवश्यकता देखिन्छ ।

चुनौती र सरकारी पहल

सम्भावना प्रशस्त भए पनि तनहुँका धेरै पर्यटकीय क्षेत्रले विभिन्न चुनौती सामना गरिरहेका छन् । पर्याप्त बजेट अभाव, सडकको कमजोर अवस्था, गुणस्तरीय आवास सुविधा कमी, दक्ष पर्यटन जनशक्ति अभाव, एकीकृत पर्यटन योजना नहुनु तथा प्रभावकारी प्रचारप्रसारको कमी रहेका पर्यटनविद् गुरुङले बताउनुभयो । "कतिपय पर्यटकीय स्थलमा फोहर व्यवस्थापन, सुरक्षा, खानेपानी तथा शौचालयजस्ता आधारभूत सुविधासमेत पर्याप्त छैनन्", उहाँले भन्नुभयो, "केही पहल भइरहेका छन् । पूर्वाधार विकाससँगै स्थानीय समुदायको स्वामित्व र सहभागिता सुनिश्चित गर्नसके मात्रै पर्यटन दिगो बन्न सक्छ ।"

गण्डकी प्रदेश सरकारले पर्यटनलाई आर्थिक विकासको प्रमुख आधारका रूपमा अघि बढाउँदै विभिन्न जिल्लामा नयाँ पर्यटकीय गन्तव्य पहिचान, पूर्वाधार निर्माण तथा प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्दै आएको छ । तनहुँका स्थानीय तहले पनि आफ्नो वार्षिक नीति तथा कार्यक्रममा पर्यटनलाई प्राथमिकता दिँदै भ्यूटावर, पदमार्ग, धार्मिकस्थल संरक्षण, होमस्टे प्रवर्द्धन तथा सांस्कृतिक महोत्सव सञ्चालन गरिरहेका छन् ।

**अनलाइन ठगी हुनबाट बचौं**

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइबर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन बोर्ड**

## वार्षिक ७० लाख आम्दानी गर्दै कृषक नेम्वाङ

फिक्कल । अहिले मुलुकका धेरै युवा वैदेशिक रोजगारका लागि विदेश गएका छन् । उनीहरु आफ्नो जवान, उमेर र जाँगर पैसासँग साटेर फर्कन्छन् । स्वदेश फर्केपछि सुविधा सम्पन्न सहरमा बसाइँ सर्छन् । गाउँमा रहेका जग्गाजमिन बाँझै छाडेर सहरकेन्द्रित हुन्छन् । सहरमा घडेरी किन्छन्, घर बनाउँछन् र बस्छन् । मोजमस्तीको वहानामा विदेशमा कमाएका पैसा अनुत्पादक क्षेत्रमा नै खर्चन्छन् । तर, इलामको चुलाचुली गाउँपालिका-१ चौबिसेका सन्देश नेम्वाङ भने त्यस्ता युवा हुनुहुन्छ, जसले विदेशमा कमाएको पैसा उत्पादनमूलक क्षेत्रमा नै लगानी गर्नुभएको छ । पाँच वर्ष दक्षिण कोरियामा कमाएको पैसा गाउँमा कृषि तथा पशुपालन व्यवसायमा लगाउनुभएको छ ।

उहाँले २०७६ सालमा 'साम्बाङ एग्रो फार्म' दर्ता गरी कृषि तथा पशुपालन व्यवसाय सुरु गर्नुभएको हो । सुरुमा रु २५ लाखको लगानीबाट व्यवसाय सुरु गरेकामा अहिले त्यो फस्टाएर व्यावसायिक कृषक नेम्वाङले करोडौंको जायजेथा जोडन सफल हुनुभएको छ ।

उहाँले आफनो दुई बिघा र १५ बिघा जमिन भाडामा लिएर कोरियमा देखेको कृषि प्रविधिको सीपलाई उपयोग गरिरहनुभएको छ । नेम्वाङले वार्षिक रु ७० लाख आम्दानी गर्दै आउनुभएको छ । उहाँले आठ वर्षदेखि कृषि र पशुपालन व्यवसाय संयुक्त रुपमा गर्दै आउनुभएको छ । उहाँले भन्नुभयो, "हामी धेरै स्वदेशको महत्व नबुझेर पनि विदेश गइरहेका छौं । विदेशमा गर्ने दुःख आफ्नै माटोमा गर्न सक्ने हो भने कृषि र पशुपालन व्यवसायबाट राम्रो आम्दानी लिन सकिने रहेछ ।" उहाँको गोठमा अहिले पशुपादनतर्फ १७ भैंसी र सात गाई छ । जसमध्ये ११ माउ लैना भैंसी र चार माउ लैना गाई छन् । चार वटा भैंसी र तीन वटा गाई ब्याउने छन् ।

नेम्वाङले दैनिक १२० देखि १२० लिटरसम्म दूध बेच्दै आउनुभएको छ । त्यहाँ उत्पादित दूत स्थानीय अन्नपूर्ण कृषि सहकारी संस्था र नेपाल बहुउद्देशीय सहकारी संस्थामा बिक्री हुँदैआएको छ । गाईको दूत प्रतिलिटर रु ६५ र भैंसीको दूत प्रतिलिटर रु ९० मा बिक्री हुँदैआएको छ । 'उत्पादित दूत सहरकीले फ्याटका आधारमा खरिद गर्ने गरेको छ । उहाँले भन्नुभयो, "लगानीअनुसार दूतको मूल्य चाँहीं अलि बढाउन पाए राम्रो हुन्थ्यो ।"

पछिल्लो समय उहाँले मासु उत्पादनको तयारी थाल्नुभएको छ । मासु उत्पादनका लागि राँगापालन सुरु गर्नुभएको छ । नेम्वाङको फार्ममा एक दर्जन साना राँगा समेत छन् । पशुपालनका लागि उहाँले पाँच बिघा जनिनमा सुपर नेपिरयर जातको आधुनिक घाँस लगाउनुभएको छ । गाईभैंसीबाट उत्पादित गोबर मल कृषि व्यवसायमा नै प्रयोग हुने भएकाले दोहोरो फाइदा भएको उहाँको भनाइ छ ।

कृषितर्फ उहाँले तरकारी १० विघामा टमाटर, तितेकरेला, सिमी, बोडी, घिरौंला, काँक्रा, बैगुन, खुर्सानीलगायतका तरकारी बाली लगाउनुभएको छ । त्यहाँ उत्पादित तरकारी भने झापाको दमकमा खपत हुँदै आएको छ । व्यापारिले फार्मबाट नै खरिद गरेर लैजाने गरेका छन् ।

कोरियामा कमाएको पैसा गाउँमा नै कृषि तथा पशुपालन क्षेत्रमा लगानी गरेर उहाँ आफू मात्र स्वरोजगार बन्नुभएको छैन, पाँच जना युवालाई रोजगारी दिनुभएको छ । उनीहरुलाई खान र बस्न सुविधानसहित जनही मासिक रु २० हजार तलब भत्ता दिनुभएको छ । उहाँको फार्ममा अहिले मासिक रु सात लाखको कारोबार हुँदैआएको नेम्वाङले बताउनुभयो । विदेशबाट कमाएको पैसा गाउँमा नै लगानी गरेर भए पनि स्वरोजगार बन्न सकिन्छ भन्ने सन्देश दिन गाउँमा नै कृषि र पशुपालन व्यवसाय सञ्चालन गरेको नेम्वाङको भनाइ छ ।

व्यवसायमा सरकारको सहयोग

उहाँको कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धनका लागि सङ्घीय सरकार र प्रदेश सरकारको समेत सहयोग छ । आर्थिक वर्ष २०७७/०७८ मा कृषि ज्ञान केन्द्र इलामले तरकारीखेती प्रवर्द्धन कार्यक्रमअन्तर्गत टनेल व्यवस्थानका लागि ५० प्रतिशत साझेदारीमा रु चार लाख उपलब्ध गरायो । आर्थिक वर्ष २०७९/०८० मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट तरकारी पकेट कार्यक्रम अन्तर्गत ५० प्रतिशत साझेदारीमा रु आठ लाख उपलब्ध भएको थियो । दुवै अनुदानबाट व्यवसाय प्रवर्द्धनमा सहयोग पुगेको उहाँले बताउनुभयो ।

'सुरुमा कृषि ज्ञान केन्द्र र प्रधानमन्त्री आधुनिकीकरण परियोजनाबाट राम्रै सहयोग पाएको थिएँ । त्यसबाट व्यवसाय प्रवर्द्धनमा राम्रो मद्दत मिल्यो", उहाँले भन्नुभयो, "उद्यममा लागेका युवालाई राज्यले प्रोत्साहन गर्नुपर्छ ।"

बजार सहज, मूल्य अस्थिरता समस्या

कृषि तथा पशुपालन व्यवसाय का लागि बजारको कुनै समस्या नरहेता पनि मूल्य अस्थिरता मुख्य समस्या रहेको उहाँ बताउनुहुन्छ ।

उत्पादन गरिएको वस्तु बिक्रीका लागि व्यापारी फार्ममा नै आउन भएकाले बजारको समस्या नरहे तापनि मूल्यस्थिर नहुने कारणले किसान समस्यामा पर्ने गरेको उहाँको भनाइ छ ।

पछिल्लो समय युवा विदेश पलायन भइरहेकाले त्यसलाई रोक्ने र स्वदेशमा नै व्यासाय गर्ने नीति राज्यले निर्माण गर्न पर्ने उहाँको सुझाव छ ।

कृषकलाई प्रोत्साहन गर्ने चुलाचुलीको योजना

चुलाचुली गाउँपालिका अध्यक्ष राजेन्द्र केरुङले कृषि क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर गाउँपालिकाले नीति तथा कार्यक्रम र बजेट ल्याएको बताउनुभयो ।

उहाँले आउँदो वर्ष पनि व्यावसायिक कृषि कर्ममा लागेका युवालाई प्रोत्साहन गर्न कृषिसँग सम्बन्धित मेसिनरी औजार वितरण, पशु प्रवर्द्धन पकेट कार्यक्रम, तरकारी पकेट कार्यक्रम, सामग्री वितरण, बीउबिजन वितरण लगायतका अनुदानका कार्यक्रम ल्याइने बताउनुभयो ।

## कुखुरापालक किसानलाई ५० करोड राहत

ललितपुर । सरकारले बर्डफ्लुको कारण कुखुरा मरेपछि पीडित किसानलाई रु ५० करोड ७१ लाख राहत उपलब्ध गराएको छ ।

पशु सेवा विभागका वरिष्ठ पशु चिकित्सक डा मुकुल उपाध्यायका अनुसार हालसम्म झापा, मोरङ, सुनसरी, चितवन, काठमाडौँ, भक्तपुर, ललितपुर र काभ्रे पलाञ्चोका १०५ किसानलाई उक्त राहत उपलब्ध गराइएको हो । बर्डफ्लु नियन्त्रणका लागि पशु विभागको मातहतमा नष्ट गरिएका कुखुराको क्षतिपूर्तिस्वरुप किसानले पक्रिया पूरा गरेर कागजात बुझाएमा क्षतिको ७५ प्रतिशत राहत प्रदान गर्ने गरेको छ । विभागको तथ्याङ्क अनुसार सङ्क्रमण नियन्त्रणका लागि पछिल्लो तीन महिना देशभर करिब सात लाख ५४ हजार ५०० पन्छी, १० लाख ९१ हजार ३०३ अण्डा तथा दुई लाख ४३ हजार ६३५ किलो दाना नष्ट गरिएको छ । डा उपाध्यायका अनुसार तीन महिनायता बर्डफ्लु फैलिएको ११ जिल्ला मध्ये झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवनलगायत जिल्लामा पूर्णरुपमा नियन्त्रणमा आएको छ ।

काठमाडौँ उपत्यकाका तीन जिल्ला र काभ्रे पलाञ्चोकमा बर्डफ्लु नियन्त्रण उन्मुख छ ।

## पुँजीबजारः ३४ लाख ६६ हजार लगानीकर्ता टिएमएसमार्फत शेयर कारोबारमा सक्रिय

काठमाडौँ । नेपाल धितोपत्र बोर्डले हालसालै सार्वजनिक गरेको नेपाल पुँजीबजार विकास मार्गचित्र, २०८३ अनुसार नेपालमा डिम्याट (हितग्राही) खाताको सङ्ख्या ७७ लाख ६६ हजार पाँच सय ६५ पुगेको छ । आर्थिक वर्ष २०७७/७८ सम्म नेपालमा करिब १७ लाख हाराहारीमा डिम्याट खाता खोलिएको थियो । अहिले नेपालको कूल जनसङ्ख्याको २६ प्रतिशतभन्दा बढी लगानीकर्ताको डिम्याट खाता रहेको बताइएको छ ।

डिम्याट खाता सबैभन्दा धेरै बाग्मती प्रदेशमा ३४ दशमलव १३ प्रतिशतले खोलेका छन् भने सबैभन्दा कम कर्णाली प्रदेशमा दुई दशमलव ९८ प्रतिशतले खोलेका छन् । कोशी प्रदेशमा १८ दशमलव ९३ प्रतिशत, गण्डकी प्रदेशमा १२ दशमलव ४६ प्रतिशत, लुम्बिनी प्रदेशमा १२ दशमलव १४ प्रतिशत, मधेस प्रदेशमा १२ दशमलव ६८ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा छ दशमलव ६७ प्रतिशतले डिम्याट खाता खालेका छन् ।

नेपाल पुँजीबजार विकास मार्गचित्र, २०८३ अनुसार मेरो शेयर खाता खोल्ने लगानीकर्ताको सङ्ख्या पनि ह्वात्तै बढेको छ । आव २०७७/७८ सम्म मेरो शेयर खाता खोल्ने सङ्ख्या सात लाख रहेको थियो । तर, चालु आवको जेठ मसान्तसम्मको अवधिमा भने ६७ लाख ३७ हजार दुई सय ५४ लगानीकर्ताले मेरो शेयर खाता खोलेका छन् । कूल जनसङ्ख्याको २३ प्रतिशतले मेरो शेयरको खाता खोलेका छन् ।

विगत पाँच वर्षको अवधिमा शेयर कारोबार गर्ने (टिएमएस) खाता खोल्नेको सङ्ख्या पनि उल्लेखनीय रुपमा वृद्धि भएको सो प्रतिवेदनमा उल्लेख गरिएको छ । धितोपत्रको दोस्रो बजारमा कारोबार गर्नका लागि प्रत्येक लगानीकर्ताहरुले टिएमएस खाता खोल्नुपर्ने हुन्छ ।

आव २०७७/७८ मा टिएमएस खाता खोल्ने लगानीकर्ताको सङ्ख्या करिब ३५ हजार मात्रै रहेको थियो । आव २०८२/८३ को जेठ मसान्तसम्म टिएमएस खाता खोल्ने लगानीकर्ताको सङ्ख्या भने ३४ लाख ६६ हजार चार सय ९९ जना पुगेको छ । प्रतिवेदनअनुसार शेयर पुँजीबजारमार्फत सरकारलाई प्राप्त हुने पुँजीगत लाभकरबापत प्राप्त हुने राजस्वमा पनि उल्लेखनीय वृद्धि भएको छ ।

आव २०७७/७८ मा सरकारले पुँजीबजारबाट लाभकरबापत रु १५ अर्ब ५४ करोड राजस्व प्राप्त गरेको थियो । चालु आवको जेठ मसान्तसम्मको अवधिमा सरकारले पुँजीगत लाभकर वापत रु १० अर्ब ७० करोड राजस्व सङ्कलन गरेको छ । चालु आर्थिक वर्षमा शेयर बजार ओरालो लागेकाले पनि अपेक्षाकृत पुँजीगत लाभकर उठाउन सकेको छैन । नेपाल पुँजीबजार विकास मार्गचित्र, २०८३ अनुसार नेपालको पुँजी बजारले पछिल्लो तीन दशकमा उल्लेखनीय विस्तार गरेको जनाएको छ । सन् २०२६ सम्म आइपुग्दा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा दुई सय ९७ कम्पनी सूचीकृत रहेका छन् । बजार पुँजीकरण करिब रु ४६ खर्च ५६ अर्ब पुगेको छ । जुन कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब ७० दशमलव ५२ प्रतिशत बराबर हो ।

## मधेस प्रदेशमा आर्थिक विनियोजन विधेयक पारित

जनकपुरधाम । मधेस प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटसहितको आर्थिक विनियोजन विधेयक २०८३ प्रदेशसभाबाट बुधबार सर्वसम्मतिले पारित भएको छ ।

मधेस प्रदेशसभाको बुधबार बसेको बैठकमा प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले गर्नुभएको मधेस प्रदेशको आर्थिक विनियोजन विधेयक २०८३ पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भएको सभामुख रामअशिष यादवले घोषणा गर्नुभयो ।

दुई दिनसम्म चलेको प्रदेशसभा बैठकमा २१ प्रदेशसभा सदस्यले विनियोजन विधेयकअन्तर्गत विषयगत मन्त्रालयका शिर्षकमाथि उठाएका प्रश्नहरुको मुख्यमन्त्री कृष्णप्रसाद यादव र अर्थमन्त्री भट्टराईले जवाफ दिएपछि आर्थिक विनियोजन विधेयक २०८३ सभामुख यादवले निर्णयार्थ प्रस्तुत गर्नुभएको थियो । बैठकमा उपस्थित सबै प्रदेशसभा सदस्यहरुले आर्थिक विनियोजन विधेयक २०८३ को समर्थन गरेपछि विधेयक सर्वसम्मतिले पारित भएको सभामुख यादवले घोषणा गर्नुभयो । प्रदेश सरकारको आर्थिक विनियोजन विधेयक २०८३ पारित भएसँगै मधेस प्रदेशसभाको बैठक अर्को सूचना जारी नगरुञ्जेलसम्मका लागि स्थगित भएको सभामुख यादवले घोषणा गर्नुभयो । मधेस प्रदेश सरकारका अर्थमन्त्री भट्टराईले यही असार १ गते प्रदेशसभाको बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ मा कृषि नवप्रर्वतन, उद्यमशीलता प्रवर्द्धन, शिक्षा, स्वास्थ्यलाई प्राथमिकतामा राख्दै रु ४१ अर्ब १३ करोड ८६ लाखको बजेट प्रस्तुत गर्नुभएको थियो ।

बजेट पूर्वाग्रही र त्रुटिपूर्ण रहेको भन्दै प्रतिपक्षी जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले बजेट संशोधन नभएसम्म प्रदेशसभा बैठक चल्न नदिने अडान राख्दै आएका थिए । यही असार २८ गते बसेको प्रदेशसभा बैठकबाट बजेटलगायतमा देखिएको समस्या समाधान गर्न गठित सात सदस्यीय कार्यदलले प्रदेशसभा बैठकमा बजेटमा देखिएका कमीकमजोरी सच्याउन विभिन्न १० बुँदे सुझाव सहितको प्रतिवेदन पेस गरेको थियो । कार्यदलले दिएको १० बुँदे सुझावसहितको प्रतिवेदनलाई प्रदेश सरकारले विनियोजन विधेयकको अङ्का रुपमा स्वीकार गरेपछि प्रदेशसभामा विनियोजन विधेयकमाथि मङ्गलबारदेखि छलफल सुरु भएको थियो ।

## पूर्वाधार अभावले सिद्धिडाँडाको पर्यटन प्रवर्द्धन प्रभावित

ताप्लेजुङ । स्थानीय फुङलिङ नगरपालिका-९ स्थित सिद्धिडाँडा धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थल भए तापनि प्रचारप्रसार र पूर्वाधार विकासको अभावमा ओझेलमा परेको छ ।

हिन्दू र बौद्ध धर्मसँग सम्बन्धित विभिन्न धार्मिकस्थल रहेको सिद्धिडाँडामा चण्डेश्वर महादेव, महाबौद्ध ठिसोङ गुम्बा, पाथीभरा देवी, चण्डी, सरस्वती, गोपेश्वर महादेव, जलेश्वर महादेव, शेषनागको मन्दिर रहेको छ ।

प्राकृतिक सम्पदाले भरिपूर्ण त्यस क्षेत्रमाजलेश्वर-शेषनाग र गङ्गामाई पोखरीसमेत रहेकाले धार्मिक तथा आन्तरिक पर्यटकको आकर्षक गन्तव्य बन्ने प्रशस्त सम्भावना छ । महाबौद्ध ठिसोङ गुम्बा संरक्षण समितिकी अध्यक्ष कमला रम्तेलका अनुसार अहिले दैनिक सरदर ५० देखि ६० जना आन्तरिक पर्यटक सिद्धिडाँडा पुग्ने गरेको पाइन्छ । त्यहाँ शिवरात्रि, नवरात्र, साउनको सोमबार तथा बालाचतुर्दशीका अवसरमा धेरै सङ्ख्यामा भक्तजन पुग्छन् । नवरात्रमा देवीको विशेष पूजा, साउनको सोमबार र महाशिवरात्रिमा महादेव सम्बन्धी विशेष पूजा आराधना हुने गरेको छ । त्यस्तै बालाचतुर्दशीमा त्यहाँ शतबिज छर्ने परम्परा छ ।

महाशिवरात्रिका अवसरमा नेपाली सेनाले आफ्नो स्थापना दिवससमेत त्यहाँ आयोजना गर्दै आएको छ । नगरपालिकाले त्यस डाँडाको विकासका सन्दर्भमा घेराबेरा निर्माण, पोखरी संरक्षण, रेलिङ निर्माण तथा स्तुपा निर्माणमा सहयोग गर्दै आएको छ ।

## मिटरब्याजपीडितका माग सम्बोधन गर्न आग्रह

काठमाडौँ । प्रतिनिधिसभाको बुधबारको बैठकमा मिटरब्याजपीडित (अनुचित लेनदेन)को माग सम्बोधनका लागि सरकार गम्भीर हुनुपर्ने आवाज उठाइएको छ ।

केही समययता बढेका आत्महत्याका घटनाप्रति गम्भीर हुन, किसानलाई समयमा मलको व्यवस्था गर्न र सुकुमबासीको व्यवस्थापन गर्न आग्रह गरिएको छ ।

बैठकको शून्य समयमा सांसद लीमा अधिकारी आचार्यले मिटरब्याज पीडितको समस्या समाधानका लागि गम्भीर भएर सरकार लाग्नुपर्ने बताउनुभयो ।

सांसद विपिनकुमार आचार्यले कुनै पनि सरकारले राज्यसत्ता सम्हालेको १०० दिनपछि सरकारको समीक्षा हुने अभ्यास रहेको बताउँदै संसदबाट पनि हालसम्म भएका कामको समीक्षा गरिनुपर्नेमा जोड दिनुभयो ।

सांसद सन्तोष राजवंशीले राष्ट्रिय स्वतन्त्र पार्टीको वर्तमान सरकार मुलुकमा सुशासन कायम गर्न र समृद्धिका निम्ति योगदान गर्न प्रतिबद्ध रहेको बताउनुभयो ।

सांसद सन्दीप रानाले उहाँले अस्थायी र करार कर्मचारीको रोजगारीको सुनिश्चितता हुनुपर्ने बताउनुभयो । सांसद समीक्षा बास्कोटाले राष्ट्रिय स्वतन्त्र पार्टीले अराजनीतिक गतिविधि नगर्ने र स्वतन्त्र प्रेसप्रति पूर्ण प्रतिबद्ध रहने स्पष्ट गर्नुभयो ।

सांसद बोधनारायण श्रेष्ठले काठमाडौं उपत्यकामा सञ्चालन हुने सवारी साधनको नवीकरण हचुवाको भरमा नगर्न आग्रह गर्नुभयो ।

सांसद विक्रम खनालले खेल पूर्वाधारका लागि नवलपरासीमा जग्गा रहेकाकाले लगानी गर्न आग्रह गर्नुभयो ।

सांसद शम्भुकुमार यादवले लोकतन्त्रका आधारभूत मूल्य मान्यतालाई पालना गर्दै प्रेस स्वतन्त्रतामा कतैबाट हस्तक्षेप हुन नहुने बताउनुभयो ।

सांसद क्षितिज थेबेले ताप्लेजुङ जिल्ला विपद्को उच्च जोखिममा रहेकाले पूर्वसचेतना अपनाउन आग्रह गर्नुभयो ।

सांसद ज्ञानु पौडेलले पोखरा र भैरहवा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा ध्यान दिन माग गर्नुभयो ।

सांसदहरु लक्ष्मीप्रसाद पोखरेल, शम्भुप्रसाद ढकाल, शोभा खनाल, लालविक्रम थापा, श्रीराम न्यौपाने, सन्तोष सुब्बा, समिना मियाँ, ज्ञानेन्द्रसिंह महताले समसायिक विषयमा सरकार र सदनको ध्यानाकर्षण गराउनुभयो ।

## अन्तरराष्ट्रिय पदक विजेता खेलाडीलाई नगद पुरस्कारसहित सम्मान गरिने

काठमाडौं । सरकारले अन्तरराष्ट्रिय खेलकुद प्रतियोगितामा पदक जित्ने नेपाली खेलाडी तथा खेलाडी टोलीलाई नगद पुरस्कारसहित सम्मान गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को मङ्गलबार बसेको बैठकले अन्तरराष्ट्रिय प्रतियोगितामा पदक हासिल गरेका खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो र व्यवस्थापकलाई नगद पुरस्कार तथा सम्मान-पत्र प्रदान गर्ने निर्णय गरेको हो । शिक्षा तथा खेलकुद मन्त्रालयले खेलाडीको सम्मान र प्रोत्साहनका लागि नगद पुरस्कारसहित सम्मान गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पेस गरेको थियो । सोही प्रस्तावका आधारमा सरकारले अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक हासिल गरेका खेलाडी तथा खेलाडी टोलीलाई सम्मान गर्न लागेको हो ।

मन्त्रालयका अनुसार राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ (दोस्रो संशोधन, २०८२) अनुसार खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, व्यवस्थापक तथा फिजियोसहितको टोलीलाई कूल रु १० करोड ५१ लाख ४८ हजार ५०० नगद पुरस्कार प्रदान गरिनेछ । यसअघि पनि अन्तरराष्ट्रिय पदक विजेता खेलाडीलाई नगद पुरस्कार प्रदान गरिँदै आए पनि यो हालसम्मकै ठूलो नगद पुरस्कार राशि हो । सरकारले खेलाडी तथा खेलाडी टोलीलाई प्रोत्साहन गर्ने उद्देश्यले पहिलो पटक यति ठूलो रकम पुरस्कारस्वरूप प्रदान गर्न लागेको मन्त्रालयले जनाएको छ । मन्त्रालयको वार्षिक कार्यक्रम अनुसार अन्तरराष्ट्रिय प्रतियोगितामा पदक विजेता खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, व्यवस्थापक तथा फिजियोसहितका १०१ जनालाई नगद पुरस्कारसहित सम्मान गरिनेछ । प्रस्तावित पुरस्कार सूचीमा मालदिभ्समा सम्पन्न १५औं विश्व बडी बिल्डिङ एन्ड फिजिकल च्याम्पियनसिप-२०२४ का पदक विजेता चार खेलाडी समावेश छन् ।

त्यसैगरी, भारतमा सम्पन्न प्रथम खो-खो विश्वकप-२०२५ मा रजत पदक प्राप्त गर्ने महिला टोलीका १८ तथा पुरुष टोलीका १८ खेलाडीलाई पनि पुरस्कार प्रदान गरिनेछ ।

त्यस्तै, युडब्लु एसियन बेल्ट रेस्लिङ-२०२५ का कास्य पदक विजेता तीन खेलाडी, मलेसियामा सम्पन्न १०औँ एसियाली पारा तेक्वान्दो प्रतियोगिता-२०२५ का कास्य पदक विजेता तीन खेलाडी, चीनमा सम्पन्न छैटौँ एसियन बीच गेम्स-२०२६ अन्तर्गत बीच कबड्डी महिला टोलीका कास्य पदक विजेता सात खेलाडी तथा मलेसियामा सम्पन्न एसिसी मेन्स यू-१६ इस्ट जोन कप-२०२५ का स्वर्ण पदक विजेतासहित १७ खेलाडीलाई पनि मन्त्रालयले पुरस्कृत गर्नेछ ।

यस्तै, थाइल्यान्डमा सम्पन्न ५७औं बडी बिल्डिङ एन्ड फिजिकल च्याम्पियनसिप-२०२५ का कास्य पदक विजेता एक खेलाडी, श्रीलङ्कामा सम्पन्न एसियन प्यासिफिक मोटरस्पोर्ट च्याम्पियन सिप-२०२५ का स्वर्ण पदक विजेता एक खेलाडी, बहराइनमा सम्पन्न आइएसएफ जिम्नासियाड-२०२४ का स्वर्ण र कास्य पदक विजेता नौ खेलाडी तथा ओमानमा सम्पन्न एसिसी मेन्स इस्ट जोन क्वालिफायर-२०२४ मा स्वर्ण पदक जित्दै विश्वकपमा छनोट भएका २० खेलाडीलाई पनि नगद पुरस्कार प्रदान गरिनेछ । राष्ट्रिय खेलकुद परिषद्को सिफारिसका आधारमा तयार गरिएको प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत भएसँगै सम्बन्धित खेलाडी तथा टोलीलाई नगद पुरस्कारसहित सम्मान गरिने मन्त्रालयले जनाएको छ ।

## किसानसँग मन्त्री चौधरीको छलफल, आन्दोलनभन्दा संवादमा जोड

काठमाडौं । कृषि, वन तथा पर्यावरण मन्त्री गीता चौधरीले सडकमा गोलभैँडा फ्याँकेर प्रदर्शन गरिरहेका किसानका प्रतिनिधिसँग छलफल गर्नुभएको छ ।

मन्त्री चौधरीले बुधबार मन्त्रालयमा किसान प्रतिनिधिलाई आमन्त्रण गरी उहाँहरूका गुनासा तथा मागबारे छलफल गर्नुभएको हो ।

किसानले उत्पादन गरेका कृषि उपजको उचित मूल्य पाउन सकून् भन्ने उद्देश्यले बजारमा कडा अनुगमनको व्यवस्था गरिएको बताउँदै बिचौलियाको समस्या समाधान गर्न कृषि विधेयक अघि बढाइएको उहाँले जानकारी दिनुभयो ।

मन्त्री चौधरीले किसानलाई आफ्नो उत्पादन नजिकका हाटबजारमा बिक्री-वितरण गर्न आग्रह गर्दै सबै किसानले कालीमाटी फलफूल तथा तरकारी बजारमै पुगेर सामग्री बिक्री गर्नुपर्ने अवस्था नरहेको बताउनुभयो । "हामीले किसानका पीडा बुझेका छौँ । आन्दोलन समाधान होइन । किसानसम्म रासायनिक मल सहज रूपमा पुगोस् भनेर हामी लागिपरेका छौँ", उहाँले भन्नुभयो । साथै उहाँले सम्बन्धित निकायसँग समन्वय गरी किसानका समस्या समाधानका गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । सरकार किसानको हितप्रति प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री चौधरीले उत्पादन, बजार व्यवस्थापन, मूल्य निर्धारण तथा कृषि क्षेत्रका समस्याको समाधानका लागि किसानसँग निरन्तर संवाद, सहकार्य र समन्वयलाई प्राथमिकता दिइने बताउनुभयो ।

## सुदूरपश्चिम प्रदेश सरकारबाट एमालेको समर्थन फिर्ता

सुदूरपश्चिम । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले कांग्रेस नेतृत्वको सुदूरपश्चिम प्रदेश सरकारबाट समर्थन फिर्ता लिएको छ ।

धनगढीमा बुधबार बसेको एमाले प्रदेश संसदीय दलको बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको संसदीय दलका नेता राजेन्द्रसिंह रावलले जानकारी दिनुभयो । उहाँले आगामी आर्थिक वर्षका लागि ल्याइएको बजेटमा पार्टीको असहमति रहेको र समाधानका लागि छलफल भइरहेका बेला आफ्नो पार्टीबाट प्रतिनिधित्व गर्ने मन्त्रीहरूलाई पदमुक्त गरेपछि समर्थन फिर्ता लिनुपरेको बताउनुभयो । नेता रावलले पार्टीभित्र छलफल तथा नेताहरुसँग आवश्यक परामर्शपछि आगामी योजना निर्माण गरिने र प्रदेश सरकार तथा बजेटबारे धारणा सार्वजनिक गरिने जानकारी दिनुभयो ।

मुख्यमन्त्री कमलबहादुर शाहले आजै एमालेबाट सरकारमा प्रतिनिधित्व गर्ने भौतिक पूर्वाधार विकासमन्त्री सुरेन्द्रबहादुर पाल, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापा, आन्तरिक मामिला तथा कानुनमन्त्री हीरा सार्की र भौतिक पूर्वाधार विकास राज्यमन्त्री निर्मला साउदलाई पदमुक्त गर्नुभएको थियो ।

## जनतासँग निरन्तर संवाद गर्न सभामुखको आग्रह

काठमाडौं । सभामुख डोलप्रसाद अर्यालले संसद् र जनताबीचको सम्बन्ध जति सुदृढ हुन्छ, लोकतन्त्र त्यति नै उत्तरदायी, सहभागितामूलक र विश्वासयोग्य बन्ने विचार व्यक्त गर्दै जनतासँग निरन्तर संवाद गर्न सांसदहरूसँग आग्रह गर्नुभएको छ ।

बैठकको अन्त्यमा उहाँले संसद् लोकतन्त्रको केन्द्रबिन्दु भएकाले जनतासँग निकटाता बढाउँदै उनीहरूका आवाज सदनमार्फत अभिव्यक्त हुनुपर्ने बताउनु भयो ।

"प्रतिनिधिसभाका सदस्यहरू जनप्रतिनिधिसँगै जनता र संसद्बीच विश्वास, संवाद र उत्तरदायित्व जोड्ने लोकतान्त्रिक सेतु पनि हुन् । जनताका आवाज, आकाङ्क्षा र अपेक्षालाई संसदको निर्णय प्रक्रियासम्म पुऱ्याउने र संसदका निर्णयलाई पुनः जनतामाझ स्थापित गर्ने दुईतर्फी दायित्व नै जनप्रतिनिधित्वको सार हो ।", सभामुख अर्यालले भन्नुभयो, "जनताबीच निरन्तर पुग्नु, जनतासँग संवाद गर्नु र जनमतलाई संसदीय प्रक्रियामा प्रतिबिम्बित गर्नु प्रत्येक माननीय सदस्यको आधारभूत संसदीय जिम्मेवारी हो ।"

प्रतिनिधिसभाको बैठक अगामी साउन १४ गते बस्ने जानकारी दिँदै सभामुखले यसबीचमा जारी भएका राज्यका नीति तथा सम्पादन भएका कार्यक्रम, तर्जुमा गरिएका कानून र सेवा प्रवाहप्रति जनस्तरको प्रतिक्रिया, चासो र सुझावहरु सुन्ने र बुझ्ने प्राथमिक दायित्व सांसदहरुको हुने बताउनुभयो ।

"हाम्रो संविधानले सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध, सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने संवैधानिक सिद्धान्त स्थापित गरेको छ । यो संवैधानिक मूलमर्मलाई आत्मसात गर्दै तीनवटै तहबीचको विकास, कानून निर्माण एवं सार्वजनिक सेवा प्रवाहसम्बन्धी विषयलाई थप सुमधुर तुल्याउने र प्रदेश सरकार एवम् स्थानीय तहका भोगाई, जटिलता र अपेक्षाहरुलाई सङ्घीय तहसँग जोड्ने नेतृत्वदायी भूमिका समेत प्रतिनिधिसभा सदस्यले लिनुपर्दछ ", सभामुख अर्यालले भन्नुभयो, "तीनवटै तहबीचको सम्बन्धलाई थप सुदृढ बनाउने, जनताका आवाजलाई सदनसँग जोड्ने र विधेयकहरुमाथि व्यापक बहसको पृष्ठभूमि तयार गर्ने महत्वपूर्ण कार्यमा आफ्ना मतदाता एवं नागरिकसमक्ष पुग्न माननीय सदस्यहरुलाई समय आवश्यक भएको महसुस गरेको छु ।"

सांसदमार्फत सङ्कलित जनताका विषयहरू पुनः सदनमा प्रवेश गर्ने, संसदको आवाज बन्ने र सरकारको जवाफदेहिताको विषय बन्ने विश्वास व्यक्त गर्दै उहाँले जनताबाट संसदसम्म समस्या र संसदबाट सरकारसम्म समाधानको माग पुगेर जनताका आवाजको समाधान हुनु नै प्रतिनिधिमूलक लोकतन्त्रको शक्ति हो भन्नुभयो ।

सरकारले आगामी आर्थिक वर्षलाई 'कानून निर्माण तथा सुधार वर्ष' घोषणा गरेको सन्दर्भमा प्रचलित कानूनको पुनरावलोकन, संशोधन, एकीकरण तथा आवश्यक नयाँ कानून निर्माणको यस अभियानमा संसदको महत्वपूर्ण भूमिका हुने भएकाले आगामी बैठकमा सदस्यहरू पनि अझ सक्रिय हुने विश्वास सभामुखले व्यक्त गर्नुभयो ।

## मन लोभ्याउँदै जखेराको मनमोहक दृश्य



दाङ । यहाँस्थित जखेरा तालको मनमोहक दृश्यले आन्तरिक तथा बाह्य पर्यटकलाई लोभ्याइरहेको छ ।

दाङको लमही नगरपालिका-३ मा पर्ने जखेरा सरोवर उत्कृष्ट पर्यटकीय केन्द्रका रुपमा परिचित छ ।

चुरे पहाडको फेदमा अवस्थित छ, जखेरा । नजिकै मुसुण्डी गाउँ, उत्तरतर्फ चुरे पहाड र पहाडको बीचमा सरोवर । यस्तै दृश्यले यहाँ आउने जो कोही लठ्ठ पर्ने गरेको बताइन्छ ।

गत वैशाख, जेठ महिनामा ताल अवलोकनका लागि झण्डै दुई लाख आन्तरिक तथा बाह्य पर्यटक आएका तालका कर्मचारी ओमभक्त चौधरीले जानकारी दिनुभयो ।

सरोवरमा घुमघाम र वन भोजका लागि आउने पर्यटकको सङ्ख्यामा वृद्धि भएको छ । झण्डै आठ बिघा क्षेत्रफलमा फैलिएको छ, ताल । गहिराइ सात फिट रहेको छ । उत्तरतर्फ गणेश तथा पूर्वमा सिद्देश्वर महादेवको मन्दिर पनि ।

जलाशयमा डुङ्गाबाट सयर गर्न सकिन्छ, तालका बीचमा मन्दिरको पूजा पनि । पूर्वमा भगवान् गौमबुद्धको मूर्ति, वरपर बनभोज स्थल, बगैंचा, जलविहार, प्राकृतिक पदयात्रा, चरा तथा अन्य जीवजन्तुको अवलोकन यहाँ गर्न सकिन्छ । सरोवरमा पाँच वटा डुङ्गा छन् । सङ्ख्या कम भएकाले डुङ्गा चढ्न नपाई केही पर्यटक दुःखी पनि भएका छन् । एक व्यक्तिले तालमा डुङ्गा चढेर जलविहार गरेमा रु एक सय तथा मन्दिर दर्शनका लागि रु ५० शुल्क निर्धारण गरिएको छ । तुलसीपुरबाट आउनुभएकी ४८ वर्षीया निरा कुँवरले तालको अवलोकनबाट आनन्दित भएको बताउनुभयो । उहाँले तालको सरसफाइमा ध्यान पुगेको छैन भन्नुभयो । तुलसीपुरका अर्की ३७ वर्षीया शारदा देवी ओलीले जलाशयको आकर्षण देखेर मन लोभिएको बताउनुभयो ।

जनश्रमदान र राज्यका निकायले गरेको सहयोगले उक्त जलाशय जिल्लाकै मुख्य पर्यटकीय केन्द्रका रुपमा विकास भएको छ । स्थानीय थारु भाषामा जुन ठाउँमा आकाशे पानी सङ्कलन हुन्छ, त्यस ठाउँलाई जखेरा भनिन्छ ।

विसं २०३० मा साविकको सोनपुर गाविस हालको लमही नगरपालिका- ३ मा जखेरा ताल रहेको छ । जखेराको संरक्षणका लागि स्व दिपु चौधरीको भूमिका महत्वपूर्ण थियो ।

उहाँले सोनपुर, टिकुलीगढ, फल्कापुर, श्रीगाउँका स्थानीय बुद्धिजीवीसँग सहकार्य गरी खेर गइराखेको आकाशे पानी सङ्कलन गर्न थाल्नुभयो । क्रमशः पोखरी बन्न पुग्यो । सो पोखरीमा वन क्षेत्रबाट बगी आएको पानीसमेत जम्मा हुन थाल्यो । सिँचाइ सुविधाका लागि सङ्कलन गरिएको ठूलो पोखरी अन्ततः लामो समयपछि जखेरा तालका नाममा परिचित छ ।

दाङको लमही बजारबाट छ किलोमिटरपूर्व र सुनडबरी गाउँबाट उत्तर दुई किलोमिटर टाढा जखेरा ताल पर्छ ।

पूर्वपश्चिम राजमार्गबाट नजिकै रहेकाले भारत, तथा तेस्रो मुलुकबाट पनि जखेराको अवलोकनका लागि पर्यटक आउने गर्छन् ।

## स्वास्थ्य विज्ञान विश्वविद्यालयका उपकुलपति र रजिष्ट्रारले लिए शपथ



काठमाडौं । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले कैलालीको गेटास्थित सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयका नवनियुक्त उपकुलपति र रजिष्ट्रारलाई पद तथा गोपनियताको शपथ गराउनुभएको छ ।

मन्त्रालयमा बुधबार आयोजित कार्यक्रममा मन्त्री पोखरेलले नवनियुक्त उपकुलपति प्रा डा सुनिलकुमार जोशी र रजिष्ट्रार डा भीमबहादुर चन्दलाई पद तथा गोपनियताको शपथ गराउनुभएको हो । शिक्षा मन्त्रालयमा आज भएको विश्वविद्यालय सभाको बैठकले योग्यता क्रममा पहिलो नम्बरमा रहेका प्रा डा जोशीलाई उपकुलपतिमा तथा डा चन्दलाई रजिष्ट्रारमा नियुक्त गरेको थियो । सिफारिस समितिका संयोजक प्रा डा जयराज अवस्थीले सहकुलपति तथा सभाध्यक्ष एवं शिक्षा तथा खेलकुदमन्त्री पोखरेलमार्फत सिलबन्दीमा रहेको योग्यताक्रमसहितको प्रतिवेदन सभामा पेश गर्नुभएको थियो । त्यसपछि मन्त्री पोखरेलले सिफारिस भएका नाम सार्वजनिक गर्दै नियुक्तिको जानकारी दिनुभयो । मन्त्री पोखरेलले स्वास्थ्य क्षेत्रका १० विज्ञको सिफारिस प्रक्रिया १० स्वास्थ्य क्षेत्रकै विज्ञबाट गरिएको मूल्याङ्कनका आधारमा स्वच्छ, निष्पक्ष र पारदर्शी ढङ्गले सम्पन्न भएको बताउनुभयो । उहाँले उक्त मूल्याङ्कनका आधारमा सिफारिस समितिले योग्यताक्रम निर्धारण गरी नाम सिफारिस गरेको उल्लेख गर्दै नवनियुक्त पदाधिकारीको नेतृत्वमा विश्वविद्यालयमा यही वर्षदेखि पठनपाठनसहितका शैक्षिक तथा प्रशासनिक कार्य प्रारम्भ हुने विश्वास व्यक्त गर्नुभयो ।

सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐनको दफा २५ अनुसार सिफारिस समितिले योग्यताक्रमसहित तीन जनाको नाम सिफारिस गर्ने र तीमध्ये योग्यताक्रममा पहिलो स्थानमा रहेका उम्मेदवारलाई नियुक्त गर्ने कानुनी व्यवस्था रहेको छ । बैठकमा सहकुलपतिद्वय शिक्षामन्त्री पोखरेल र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहता उपस्थिति हुनुहुन्थ्यो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५१०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com